# अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

# United Nations Convention on Rights of Persons with Disabilities (UNCRPD)



अनुवाद तथा प्रकाशन

**प्रकाशक**

**बौद्धिक अपाङ्गताका अभिभावक महासंघ, नेपाल**

| | | |
|---|---|---|
| फोन नं. | : | ०१ ४४१६४७३ |
| इमेल | : | info@pfpid.org.np |
| वेबसाइट | : | www.pfpid.org.np |
| प्रथम संस्करण | : | २०७७ असार |
| सर्वाधिकार | : | प्रकाशकमा सुरक्षित |
| सहयोग | : | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| समन्वय | : | काठमाण्डौं महानगरपालिका |
| प्रकाशक | : | UN Enable |
| अनुवाद | : | PFPID Nepal |
| भाषा सम्पादन | : | धातृ सुबेदी |
| लेआउट | : | Apex Printing Press Pvt. Ltd.<br>SubidhaNagar, Tinkune, Kathmandu, Tel: 01 4111811<br>Email: apexpress100@gmail.com |

# प्रकाशन सन्दर्भ

पहुँचयुक्त ढाँचा र माध्यमबाट सूचना प्राप्त गर्न पाउँनु सबै व्यक्तिको अधिकार हो । नेपालको संविधानको धारा २७ ले सूचनाको हकमार्फत सबै नागरिकलाई आफूले चाहेको सूचना प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा १७ मा अपाङ्गता भएका व्यक्तिहरूले पहुँचयुक्त तरिकाबाट सूचना प्राप्त गर्न पाउने व्यवस्था छ । अध्ययन, अध्यापन तथा सार्वजनिक सरोकारका विषयहरू अधिकांश जनचेतनाका लागि प्रकाशन तथा प्रसारण गरिने सूचना( मूलक सामग्रीहरू अपाङ्गता भएका व्यक्ति, त्यसभित्र अझ बौद्धिक अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त (बौद्धिक अपाङ्गतामैत्री) नहुँदा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू सामान्य सूचनाको पनि पहुँचबाट टाढा रहने गरेका छन् ।

विक्रम संवत २०६८ मा स्थापना भएको बौद्धिक अपाङ्गता अभिभावक महासंघ नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिलाई बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुर्याउने हेतुले संयुक्त राष्ट्रसङ्घ इनेबल (UN enable) द्वारा निर्माण गरिएको सचित्र सरल ठूला छापा (Easy to read) लाई नेपाली भाषामा अनुवाद गरेको छ । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले यो महासन्धिलाई सजिलैसँग बुझ्ने अपेक्षा र विश्वास गरिएको छ ।

अन्त्यमा, यो महासन्धिको अनुवाद गर्न योगदान गर्नु हुने टीकाराम सापकोटा, भुषणराज राउत र विद्या गौतमलाई यो संस्था विशेष धन्यवाद व्यक्त गर्दछ ।

**राजु बस्नेत**
**अध्यक्ष**

# पुस्तक कस्का लागि ?

सूचना हरेक नागरिकको अधिकार हो। मानव विविधता अनुसार व्यक्तिले आफ्नो आवश्यकताका आधारमा उपयुक्त अनुकूलता अनुसार सूचना प्राप्त गर्दछन । सुनेर, देखेर, हेरेर, स्पर्श सङ्केत आदिका माध्यमबाट सूचना प्राप्त हुन्छ। त्यस्तै, संयुक्त राष्ट्रसङ्घ सीआरपीडी समितिले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले सजिलोसँग सूचना प्राप्त गर्ने विधि सचित्र सरल ठूला छापा (Easy to read) पद्धति निर्धारण गरेको छ । सोही विधि अनुसार यो पुस्तक अपाङ्गतामध्ये बौद्धिक अपाङ्गता भएका व्यक्ति (स्व-वकालतलकर्ता) हरूको अध्ययनका लागि तयार गरिएको हो ।

# पुस्तक कहाँ र कसरी प्रयोग गर्ने ?

यो पुस्तक अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको सरलीकृत रूप सचित्र सरल ठूला छापा (Easy to read) विधिमा तयार गरिएको हो। बौद्धिक अपाङ्गता र अटिजम भएका व्यक्तिहरू सहभागी हुने अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिका बारेमा सचेतना, तालिम, गोष्ठी, कार्यशाला र स्व-कालतकर्ताहरूको क्षमता विकास कार्यमा काम गर्ने सहजकर्ताहरूका लागि उपयोगी बन्ने विश्वास गरिएको छ। यो पुस्तकका माध्यमबाट बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले UNCRPD का बारेमा जानकारी प्राप्त गरी नीतिगत परिवर्तन र सेवा सुविधाको दाबी गर्न सामान्य जानकारी प्राप्त गर्न सक्नेछन ।



# अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि सहज पढाइ संस्करण

यो सहज पढाइ संस्करण उक्त पूर्ण महासन्धिमा आधारित निर्देशिका हो । यो कानुनी कागजात (सामग्री) चाहिँ होइन । महासन्धिले खास के भन्छ वा पक्ष राष्ट्रहरूले के कुरामा हस्ताक्षर गरेका छन् भन्ने कुरा थाहा पाउन पूर्ण महासन्धि कागजात हेर्नु आवश्यक हुन्छ ।

महासन्धिको पूर्ण पाठ हेर्न तपाईले यूएन इनेबल वेबसाइट www.un.org/disabilities/ लगइन गर्न सक्नुहुन्छ ।


महासन्धिको पूर्ण नाम सयुक्त राष्ट्रसङ्घीय अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि हो । तपाईंले यसलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी सयुक्त राष्ट्रसङ्घीय महासन्धि भनी सुन्न र देख्न सक्नुहुन्छ ।





## १. यस महासन्धिमा

यस महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूका लागि पनि अन्य व्यक्तिसरह समान अधिकार सुनिश्चित गर्न पक्ष देशहरूले के गर्नुपर्दछ भनेर निर्देशन गर्दछ (भन्दछ) ।



## २. यस महासन्धिमा भएका शब्दहरुको अर्थ के हो ?

सञ्चार भन्नाले अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न तरिकाबाट कुरा गर्ने र बुझ्ने माध्यम हो । उदाहरणका लागि कम्प्युटरहरू, बौद्धिक अपाङ्गता भएका व्यक्तिका लागि सचित्र सरल ठूला छापा अक्षर (Easy to read) ।



भेदभाव भन्नाले असमान व्यवहार वा अपाङ्गता भएका कारणले तपाईंले आफ्ना आवश्यकता परिपूर्तिबाट वञ्चित हुनु भन्ने बुझिन्छ ।



भाषा भन्नाले मानिसहरूले आपसमा कुरा गर्ने माध्यम हो, जसमा साङ्केतिक भाषा (हातको हाउभाउबाट गरिने सङ्केत) समेत पर्दछ ।

## ३. आधारभूत सिद्धान्तहरु



- आफ्ना लागि आफैँ छनोट गर्न व्यक्तिहरू स्वतन्त्र हुन्छन् ।



- गैर भेदभाव (कसैलाई पनि भेदभाव गरिने छैन) ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अन्य व्यक्तिसरह समाजमा समावेश हुने अधिकार हुन्छ ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको अवस्था अनुसार सम्मान गरिनेछ ।




- सबैलाई समान अवसरहरू हुनुपर्दछ ।






- सबैको समान पहुँच (सबैले सेवा, सुविधा, अवसर पाउन सहज) हुनुपर्छ ।



- पुरूष र महिलालाई समान अवसरहरू हुनुपर्दछ ।




- अपाङ्गता भएका बालबालिकाहरूलाई हुर्कने क्रममा उनीहरूको अवस्था अनुसार सम्मान गर्नुपर्दछ ।



## ४. पक्ष (महासन्धिमा स्ताक्षर गर्ने) राष्ट्रहरुले के गर्नु पर्दछ ?

सबै देशहरूले अन्य व्यक्तिहरू सरह अपाङ्गता भएका व्यक्तिहरूलाई समान व्यवहार हुनेछ भन्ने सुनिश्चित गर्नु पर्ने ।

यसका लागि तिनिहरू निम्न कुराहरू गर्न सहमत छन्:




- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न नयाँ नियम, कानुन बनाउने र कुनै कानुन उचित छैन भने परिवर्तन गर्ने ।




- अपाङ्गता भएका व्यक्तिहरूलाई समान व्यवहार गर्नुपर्छ भन्ने कुरा सबै नीतिमा समावेश गर्ने ।



- यस महासन्धिबिरूद्ध कुनै काम नगर्ने ।




- सरकार र सम्बन्धित निकायले यस महासन्धिमा भएका काम गर्ने छन् भन्ने सुनिश्चित गर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई कसैले भेदभाव नगरोस् भन्ने निश्चित गर्न सरकार र सम्बन्धित निकायले सक्दो प्रयास गर्ने ।



- सबैले प्रयोग गर्न मिल्ने अथवा सजिलै परिवर्तन गरी प्रयोग गर्न मिल्ने सामग्रीहरूको निर्माण गर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई मद्दत गर्न नयाँ प्रविधिको प्रयोग गर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई मद्दत पुग्ने सामग्रीका बारेमा पहुँचयोग्य सूचना दिने ।



- यस सहमतिका बारेमा प्रशिक्षण र तालिम दिने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरह आवास, शिक्षा र स्वास्थ्य लगायतमा पहुँचका लागि सबै देशले सक्दो प्रयास गर्ने ।




- नयाँ नीति नियम बनाउँदा अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी गराउने ।



## ५. समानता

कानुनको नजरमा सबै जना समान हुन्छन् र अपाङ्गता भएका व्यक्तिहरूलाई भेदभाव गर्न नपाइने भन्ने कुरामा पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरू सहमत छन् ।




## ६. अपाङ्गता भएका महिलाहरूलाई समान व्यबहार

- अपाङ्गता भएका महिला तथा बालिकाहरूलाई असमान व्यवहार गरिन्छ भन्ने कुरामा पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरू सहमत हुने ।



- अपाङ्गता भएका महिला तथा बालिकाहरूको पूर्ण स्वतन्त्र तथा समान जीवनको सुनिश्चिताका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले काम गर्नुपर्ने ।



## ७. अपाङ्गता भएका बालबालिकाहरूलाई समान व्यबहार

- अन्य बालबालिकाहरूसरह अपाङ्गता भएका बालबालिकाहरूको पनि समान अधिकार हुने र उनीहरूलाई पनि समान व्यवहार गरिनुपर्ने कुरामा पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरू सहमत छन् ।



- बालबालिकाका सबै काम कारबाहीमा बालबालिकाको सर्वोत्तम हित नै प्राथमिक हुनेछ ।
- अपाङ्गता भएका बालबालिकाहरूलाई उनीहरूको जीवनमा प्रभाव पार्ने सम्पूर्ण कुरा सुन्न पाउने अधिकार हुन्छ र यसका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले सहयोग गर्नुपर्ने ।





## ८. अपाङ्गताको बारेमा जानकारी


अपाङ्गता भएका व्यक्तिहरूको पनि अन्य व्यक्तिसरह समान अधिकार हुन्छ भनेर सबैलाई सचेत गराउनुपर्ने कुरामा पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरू सहमत छन् । अपाङ्गता भएका व्यक्तिहरूले पनि अन्यसरह काम गर्न सक्छन् भन्ने देखाउन पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले उचित कदम चाल्नुपर्ने छ ।

यसका लागि तल उल्लेखित बमोजिम काम गर्नुपर्ने:


- अपाङ्गता भएका व्यक्तिहरूप्रति सकारात्मक धारणाका लागि अभियान चलाउने ।



- अपाङ्गता भएका व्यक्तिहरूले गर्न सक्ने विभिन्न कामका बारेमा जानकारी दिने ।



- अपाङ्गता भएका व्यक्तिहरूको पनि अन्यसरह समान अधिकार हुन्छ भन्ने कुरा सबै बालबालिकालाई पढाउने र सिकाउने ।



- सञ्चार माध्यमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभावकारी ढङ्गले देखाइनुपर्ने ।



- अपाङ्गता सचेतनासम्बन्धी कामहरू गर्न मद्दत गर्ने ।

## ९. पहुँचयुक्तता






पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको जीवनको सम्पूर्ण पक्षमा सहज पहुँच सुनिश्चिता गर्नुपर्ने ।

- सरकारी संरचनाहरू, जस्तै : अस्पताल, विद्यालय र यातायातमा सहज पहुँच पुऱ्याउने ।





- सूचनामा सहज पहुँच पुऱ्याउने ।





- सङ्केतहरू सचित्र सरल ठूला छापा र ब्रेल लिपिमा बनाउनुपर्ने ।




- सरकारी संरचनाहरूमा धेरै जना व्यक्तिगत सहयोगी र साङ्केतिक भाषाका दोभाषे उपलब्ध गराउनुपर्ने ।



- सरकारी सेवामा कसरी सहज पहुँच गराउन सकिन्छ भन्ने सम्बन्धमा निर्देशिका बनाउनुपर्ने ।




- सेवा प्रदान गर्ने निकायले अपाङ्गता भएका व्यक्तिको सहज पहुँचका लागि योजना बनाउनुपर्ने ।



- पहुँचयुक्ततासम्बन्धी तालिम प्रदान गर्नुपर्ने ।



- नयाँ प्रविधिहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँचको सुनिश्चितता गराउनुपर्ने ।




## १०. बाँच्न पाउने अधिकार

अपाङ्गता भएकालगायत सबै व्यक्तिमा बाँच्न पाउने अधिकार हुन्छ ।



अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अन्यसरह जीवनयापनका लागि समान अवसरको सुनिश्चितता पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले गर्नुपर्ने ।




## ११. सङ्कट र आपतकालीन अवस्था

आपतकालीन अवस्था, जस्तै : आँधीबेहरी, भूकम्पमा अपाङ्गता भएका व्यक्तिहरूको प्रभावकारी सुरक्षाको सुनिश्चितता गर्नुपर्ने ।




## १२. कानुनको नजरमा सबै समान हुने

अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरह समान कानुन हुनुपर्दछ ।




- अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अन्यसरह महत्वपूर्ण निर्णयहरू आफैँ लिने अधिकार हुन्छ ।
- निर्णय लिने बेलामा अपाङ्गता भएका व्यक्तिहरूलाई सक्दो मद्दत गर्नुपर्दछ ।




अपाङ्गता भएका व्यक्तिको पूर्ण सञ्चारका लागि निश्चित नियम बनाई सहयोगीको व्यवस्था गर्नुपर्दछ ।

## अपाङ्गता भएका व्यक्तिहरुको तलका कुरामा समान अधिकार हुन्छ ।



- सम्पति कमाउन तथा प्राप्त गर्ने



- सम्पत्तिमा नियन्त्रण



- अन्यसरह पैसा सापटी माग्न सक्ने



- अपाङ्गता भएका ब्यक्तिको घर र पैसा अरूवाट लुटिन नहुने





## १३ न्यायसम्बन्धी अधिकार

अपाङ्गता भएका व्यक्तिहरूको पनि अन्य व्यक्तिसरह अदालत जान, अरूलाई सहयोगीको रूपमा अदालत लैजान अथवा अदालतमा हुने गतिविधिका बारेमा जानकारी लिन र सहभागी हुन पाउने समान अधिकार हुन्छ ।

यी सबै अधिकार प्राप्त गर्न अपाङ्गता भएका व्यक्तिलाई सक्दो सहयोग गर्नुपर्ने ।



पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रले अदालत, प्रहरी तथा कारागारका कर्मचारीहरूलाई विशेष तालिम प्रदान गर्नुपर्ने ।




## १४.स्वतन्त्र र सुरक्षित जीवनको अधिकार

अपाङ्गता भएका व्यक्तिहरू पनि अन्य व्यक्तिसरह सुरक्षित र स्वतन्त्र हुनुपर्दछ ।




कानुनले ब्याख्या गरेको भन्दा बाहेक अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता भएकै कारणले थुनामा राख्न पाइँदैन ।

यदि अपाङ्गता भएका व्यक्तिलाई थुनामा राखियो भने, त्यस्तो अवस्थामा यस महासन्धि अनुसार व्यवहार गरिनुपर्दछ ।




अरू अन्तर्राष्ट्रिय कानुनमा उल्लेख गरिएका अधिकारहरूमा पनि अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्तिसरह समान हक हुन्छ । यो सम्झौताले ती अधिकारहरूको सूची तय गरेको छैन तर तल उल्लेखित अधिकारहरू समावेश गरेको छ ।



- उनीहरूको अधिकारका बारेमा उनीहरूले बुझ्ने तरिकाबाट जानकारी दिने ।



- अदालतबाट निष्पक्ष सुनुवाइ प्राप्त गर्न सहयोग गर्ने ।




- अन्य व्यक्तिसरह उनीहरूले पनि मुद्दा पुनरावलोकन गराउन पाउने ।




## १५ यातना तथा क्रूरतापूर्वक व्यवहार गर्न नपाइने

अपाङ्गता भएका व्यक्तिहरूलाई क्रूरतापूर्वक व्यवहार तथा यातना दिन नपाइने ।




अपाङ्गता भएका व्यक्तिहरूमा उनीहरूको स्वतन्त्र एवं सहमतिबाहेक स्वास्थ्यसम्बन्धी चिकित्सकीय प्रयोग गर्न पाइँदैन ।



माथि उल्लेखित कुराहरू नहोउन् भन्नका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले सक्दो कामहरू गर्नुपर्दछ ।


## १६ दुरुपयोग वा दुर्व्यवहार गर्न नपाइने





अपाङ्गता भएका व्यक्तिहरू घरमा तथा बाहिर सुरक्षित रहून् तथा उनीहरूबिरूद्ध कुनै पनि प्रकारको हिंसा तथा दुर्व्यवहार नहोस् भन्ने सुनिश्चताका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अनिवार्य रूपमा कानुन तथा नियमहरू बनाउनुपर्दछ ।



अपाङ्गता भएका व्यक्तिहरूलाई गरिने दुरूपयोग रोक्नका लागि देशहरूले सक्दो प्रयास गर्नुपर्दछ । साथै, पर्याप्त सूचना तथा उजुरी कसरी गर्ने भन्ने बारेमा उनीहरूलाई सहयोग गर्नुपर्दछ ।



अपाङ्गता भएका व्यक्तिहरूको सहयोगका लागि प्राप्त हुने सेवाहरूको प्रभावकारी जाँच तथा दुरूपयोग नहोस् भन्ने सुनिश्चितता सबै पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले गर्नुपर्दछ ।



शोषित भएका र दुर्व्यवहार गरिएका अपाङ्गता भएका व्यक्तिहरूले सक्दो सहयोग प्राप्त गरून् तथा दुर्व्यवहार गरिएका अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित र सान्त्वनाका लागि सहयोग र मद्दतको सुनिश्चितता सबै पक्ष राष्ट्रहरूले गर्नुपर्दछ ।



दुरूपयोग र शोषण गरेको पत्ता लगाउने संयन्त्र र तरिकाबाट अपराधीहरू अदालतसम्म पुगून् भन्ने कुराको सुनिश्चतता सबै पक्ष राष्ट्रहरूले गर्नुपर्दछ ।



विशेषगरी, अपाङ्गता भएका महिला तथा बालबालिकालाई गरिने शोषण र दुरूपयोगका बारेमा सबै देशले अनिवार्यरूपमा सोच्नुपर्दछ ।



## १७ अपाङ्गता भएका व्यक्तिहरुलाई पहिला एक व्यक्तिको रुपमा हेर्नुपर्ने

अपाङ्गता भएका व्यक्तिहरूका दिमाग र शरीर उनीहरूकै हुन र अन्यसरह अपाङ्गता भएका व्यक्तिहरूले पनि सोही अवस्थामा सम्मान पाउनुपर्दछ ।

## १८. घुमफिरको अधिकार



अपाङ्गता भएका व्यक्तिहरूको तल उल्लेखित अधिकारहरू हुन्छन्


- आफू कहाँ बस्ने भन्ने कुराको निर्णय आफैँ लिने तथा अन्य व्यक्तिसरह आवत जावत गर्ने ।



- देशको नागरिक हुने र अपाङ्गता भएकै कारणले अन्यत्र स्थानान्तरण गराउन नपाइने ।
- अन्य व्यक्तिसरह सरकारी कागजातहरू, जस्तै : राहदानी, नागरिकता आदि प्राप्त गर्ने ।



- आफ्नो देश र अन्य देशहरू छोड्न पाउने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई जन्मदेखि नै नामको अधिकार, देशको नागरिक हुने अधिकार र सकेसम्म आफ्नै अभिभावकहरूबाट हेरचाह र स्याहार पाउने अधिकार ।





## १९. स्वतन्त्रतापूर्वक बाँच्न तथा समाजमा समावेश हुन पाउने

अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अन्यसरह समाजमा बाँच्ने तथा समाजको हिस्सा हुने भन्नेबारे समान विकल्पहरू प्राप्त होस् भन्नेमा सबै पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले सुनिश्चित गर्नुपर्दछ ।



अपाङ्गता भएका व्यक्तिहरुले तल उल्लेखित कुराहरु छनोट गर्न सक्नेछन् :

- अन्य व्यक्तिसरह कहाँ बस्ने भन्ने ।



- अन्य व्यक्तिसरह कोसँग बस्ने भन्ने ।




- इच्छाविपरीत छात्रावास (होस्टल) लगायतका ठाउँहरूमा राख्न नहुने ।



- व्यक्तिगत सहयोगीलगायत अन्य सेवाहरू उपलब्ध गराउने ।
- अन्य व्यक्तिसरह समान राम्रो सेवाको छनोट र सेवाहरूको प्राप्ति ।



## २०.गमनशीलता

अपाङ्गता भएका व्यक्तिहरूले पनि अन्यसरह स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने सुनिश्चितता सबै पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले गर्नुपर्दछ ।

उनीहरूले तल उल्लेखित अधिकारहरू सुनिश्चित गर्नुपर्ने :

- अपाङ्गता भएका व्यक्तिहरूलाई हिँड्डुल गर्न सहयोग गर्ने ।




- अपाङ्गता भएका व्यक्तिहरूलाई हिँड्डुल गर्नका लागि पहुँचयुक्त (उपयुक्त) सहायक सामग्री सहयोग गर्ने ।



- त्यस्ता सहयोगी सामग्रीहरू महँगो नहोस् भन्ने सुनिश्चित गर्ने ।



- त्यस्ता सामाग्री बनाउने निकायहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका सम्पूर्ण पक्षमा ध्यान दिन प्रोत्साहन गर्ने ।




## २१. विचार र अभिव्यक्तिको अधिकार र सूचनामा पहुँच

पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूले अन्यसरह जानकारी प्राप्त गर्ने र दिने अधिकार र आफूले चाहेको कुरा भन्न पाउने अधिकारको सुनिश्चितता गर्नुपर्छ ।

यस अन्तर्गत निम्न कुराहरू पर्दछन् :




- आफूलाई उपयुक्त हुने माध्यमबाट जानकारी प्राप्त गर्ने, जस्तै : बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि सचित्र सरल ठूला छापाका पाठ्य सामग्री ।



- साङ्केतिक भाषा, ब्रेल लिपि जस्ता अन्य माध्यमबाट सूचना दिने ।



- अन्य सेवा प्रदान गर्ने निकायहरूलाई अपाङ्गतामैत्री भाषामा सूचना प्रदान गर्नका लागि अनुरोध गर्ने ।



- इन्टरनेटलगायतका सञ्चार माध्यमलाई पनि अपाङ्गतामैत्री भाषामा सूचना प्रदान गर्नका लागि अनुरोध गर्ने ।




- साङ्केतिक भाषाको प्रयोगलाई मान्यता दिने ।




## २२. गोपनीयताको हक

अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत जीवनको अधिकार हुन्छ, जसमा कसैले पनि हस्तक्षेप गर्नुहुँदैन ।



पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत जानकारी अन्यसरह गोप्य र सुरक्षित रहने कुराको सुनिश्चिता गर्नुपर्छ ।



## २३. घर र परिवारको सम्मान

पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको विवाह, परिवार र व्यक्तिगत सम्बन्धको अधिकार प्राप्त गरेको सुनिश्चित गर्नुपर्छ ।

यसका लागि पक्ष राष्ट्रहरूले निम्न कुरा सुनिश्चित गर्नुपर्छ :




- अपाङ्गता भएका व्यक्तिहरूको पनि विवाह गर्ने र परिवार सुरू गर्ने अधिकार हुने ।



- आफ्ना सन्तानको सङ्ख्या र अन्तरका बारेमा निर्णय लिने अधिकार अपाङ्गता भएका व्यक्तिहरूसँग रहन्छ र उनीहरूको इच्छाविपरीत बन्ध्याकरण गर्न नपाइने ।



- अपाङ्गता भएका व्यक्तिहरूको परिवार योजना र त्यसका लागि आवश्यक जानकारी पाउने अधिकार हुने ।



- पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूका सन्तानको स्याहार सुसारमा सहयोग गर्नुपर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको परिवारबाट अलग गर्न नपाउने र पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रले अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवारलाई सहयोग गर्ने ।



- अपाङ्गता भएका बालबालिकाको अधिकारलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने ।



- अपाङ्गता भएका बालबालिकालाई उनीहरूका अभिभावकहरूको मात्र स्वीकृतिमा उनीहरूको इच्छाविपरीत वा कानुनले उनीहरूको तीव्र इच्छा छ भनी प्रमाणित नगरी परिवारबाट अलग गर्न नपाइने ।



## २४.शिक्षा

अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको अधिकार हुन्छ ।




- पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको मूलप्रवाहका विद्यालय जान पाउने अधिकार सुनिश्चित गर्नुपर्छ जसले गर्दा :



- अपाङ्गता भएका व्यक्तिहरूले पनि आफ्नो क्षमता विकास गरी विश्वमा आफ्नो स्थान बनाउन सक्छन् ।




- अपाङ्गता भएका व्यक्तिहरू शिक्षाबाट वञ्चित हुँदैनन् ।



- अपाङ्गता भएका व्यक्तिहरू पनि अन्यसरह राम्रो स्थानीय विद्यालयमा निःशुल्क शिक्षा लिन सक्छन् ।




- अपाङ्गता भएका व्यक्तिहरूले शैक्षिक आवश्यकता सकेसम्म पूरा गर्न सक्छन् ।




- अपाङ्गता भएका व्यक्तिहरूलाई सिकाइका लागि उचित सहयोग हुन्छ ।



- आवश्यकता अनुसार ब्रेल लिपि तथा अन्य आवश्यक सञ्चारका माध्यमहरूबाट सिकाइको अवसर प्रदान हुन्छ ।




- साङ्केतिक भाषा सिकाउने र साङ्केतिक भाषालाई सञ्चारको माध्यम बनाउने ।



- बहिरा र दृष्टिबिहीन व्यक्तिहरूका आवश्यकता अनुसारको सिकाइका लागि उपयुक्त अनुकुल शिक्षा र सहयोग गर्ने ।



- शिक्षकहरूसँग उचित सीप र कला भएको सुनिश्चित गर्ने ।




- अपाङ्गता भएका व्यक्तिहरूले चाहेमा शिक्षामा निरन्तरताका लागि उचित सहयोग गर्ने ।



## २५. स्वास्थ

अपाङ्गता भएका व्यक्तिहरूलाई परिवार नियोजन सेवासहित सहज र राम्रो स्वास्थ्य सेवामा पहुँचको अधिकार हुन्छ ।


यसका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले



- अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूलाई पनि सहज स्वास्थ्य सेवाको सुनिश्चिता गर्ने ।
- अपाङ्गता भएका कारणले उनीहरूले पाउनुपर्ने सबै स्वास्थ्य सेवा उपलब्ध भएको सुनिश्चित गर्ने ।



- यस्ता सेवाहरू सकेसम्म अपाङ्गता भएका व्यक्तिहरू बस्ने ठाउँ नजिक उपलब्ध गराउने ।
- अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूलाई सोही किसिमका सेवा प्रदान गर्न स्वास्थ्यकर्मीलाई लगाउने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य र जीवन बीमा जस्ता सेवामा भेदभाव नहुने सुनिश्चितता गर्ने ।
- अपाङ्गता भएकै कारणले उनीहरूलाई स्वास्थ्य सेवाबाट वञ्चित नगरिएको सुनिश्चित गर्ने ।

## २६. पुन:स्थापना




- पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई स्वावलम्बन र स्वस्थ जीवन बाँच्नका लागि सकेसम्म सहयोग गर्नुपर्छ र त्यसका लागि शिक्षा, काम र अरू सुविधा प्रदान गर्नुपर्ने ।




- पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सुरुबाटै पहिचान गरी उनीहरूको क्षमता र आवश्यकता अनुसार सेवा सुविधा प्रदान गर्ने ।




- यस्ता सेवाहरू सकेसम्म अपाङ्गता भएका व्यक्तिहरू बस्ने ठाउँ नजिक उपलब्ध गराउनुपर्ने ।




- यस्ता सेवा प्रदान गर्ने कर्मचारीलाई राम्रो काम गर्नका लागि तालिम दिनुपर्ने ।



- पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई चाहिने सहयोग र उपकरणहरू पाउन सहयोग गर्नुपर्ने ।



## २७. काम र रोजगार

अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूको कामको अधिकार हुन्छ ।

पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूले काम प्राप्त गरून् भन्नका लागि निम्न कुरा गर्नुपर्दछ ।




- रोजगारीमा अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरह समान व्यवहार गरियोस् भन्नका लागि कानुन बनाउने ।



- अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूलाई समान काम गरेबापत समान ज्याला पाउने अधिकार सुनिश्चित गर्ने ।




- अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूको पेशागत सङ्गठनमा संलग्न हुने अधिकार सुनिश्चित गर्ने ।



- अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीसम्बन्धी कार्यक्रम तथा तालिममा सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्ने ।




- अपाङ्गता भएका व्यक्तिहरूलाई काम खोज्न, काममा बहाल हुन र राम्रा कामका अवसरहरू प्राप्त गर्न सहयोग गर्ने ।




- अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नै व्यवसाय सुरू गर्न सहयोग गर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी निकाय तथा अस्पताल जस्ता सार्वजनिक स्थानमा रोजगारीको अवसर प्रदान गर्ने ।
- निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी प्राप्त गर्न सहयोग गर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई काम गर्ने उचित वातावरण सुनिश्चित गर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई कार्य अनुभव गर्न सहयोग गर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई पुनः काममा फर्कन सहयोग गर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई बिनातलब काम गर्न बाध्य नहुने अवस्था सुनिश्चित गर्ने ।



## २८. गुणस्तरीय जीवनको अधिकार

अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारका लागि गाँस, बास, कपास, शुद्ध खानेपानीलगायतका सुविधासहितको गुणस्तरीय जीवनस्तर जीउने अधिकार हुन्छ ।

अन्य व्यक्तिसरहको जीवनस्तर जीउनका लागि अपाङ्गता भएका व्यक्तिहरूले सहयोग पाउनुपर्दछ ।

यसका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले निम्न कुराको सुनिश्चितता गर्नुपर्दछ :



- अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूले खरिद गर्न सक्ने मूल्यमा सेवा तथा सामग्रीहरू प्राप्त गर्न सक्ने ।



- अपाङ्गता भएका व्यक्तिहरू, विशेषगरी महिला, बालबालिका र ज्येष्ठ नागरिकको राम्रो जीवनस्तरका लागि सहयोग गर्ने ।



- गरिबीमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको जीवनस्तर सुधार गर्नका लागि सहयोग गर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक आवास कार्यक्रममा पहुँच बढाउने ।



- अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूले अवकाशपछि पाउने पेन्सनलगायतका सुविधाहरूमा पहुँच बढाउने ।

## २९. राजनीतिमा सहभागिता



अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्तिसरह राजनीतिमा सहभागी हुने अधिकार हुन्छ ।



अपाङ्गता भएका व्यक्तिहरूको मतदान गर्ने अधिकार निम्न अनुसार हुनेछ :

- मतदान गर्ने प्रक्रिया सजिलो र बुझिने हुनुपर्दछ ।
- गोप्य मतदानको व्यवस्था हुनुपर्दछ ।



- आवश्यकता परेमा उनीहरूले चाहेको तरिकामा मतदान गर्न पाउने वातावरण सुनिश्चित गर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरू गैर सरकारी संस्था तथा राजनीतिक दलमा सहभागी हुनपाउने वातावरण सुनिश्चित गर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरू अपाङ्गतासम्बन्धी काम गर्ने संस्थामा सहभागी हुनसक्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूको पनि सांसदलगायतका पदाधिकारीका रूपमा उठ्न पाउने अधिकार हुन्छ ।




## ३०. खेलकुद र मनोरञ्जन

अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूको पनि खेलकुद र मनोरञ्जनात्मक कार्यमा सहभागी हुन पाउने अधिकार हुन्छ ।

पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले अपाङ्गता भएका तल दिइएका कुराहरू गर्न पाएका सुनिश्चित गर्न :





- पहुँचयुक्त सामग्रीहरू, जस्तै : किताबहरू तयार गर्ने ।



- पहुँचयुक्त टेलिभिजन, चलचित्रघर, नाटकघर बनाउने ।




- सङ्ग्रहालयमा पहुँच ।




- कलाकार हुने अधिकार ।




- अपाङ्गता भएका व्यक्तिहरूलाई सामग्री, जस्तै : पुस्तक वा चलचित्रमा पहुँचका लागि नियम र कानुनले अप्ठ्यारो बनाउन नहुने ।




- बहिरा तथा अन्य अपाङ्गता भएका व्यक्तिहरूको सांस्कृतिक सहभागिताको हकको सम्मान गर्नुपर्ने ।



- अपाङ्गता भएका व्यक्तिहरूलाई सामान्य खेलकुदमा सहभागी हुन सहयोग र समर्थन गर्नुपर्ने ।



- अपाङ्गता विशेष खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापमा अपाङ्गता भएका व्यक्तिहरू सहभागी हुन सक्ने छन् ।



- खेलकुद तथा मनोरञ्जनात्मक स्थानहरू पहुँचयुक्त बनाउने ।




- अपाङ्गता भएका व्यक्तिहरूको पनि अन्य व्यक्तिसरह समान पहुँच पुऱ्याउने ।



## ३१. सूचना

- यो महासन्धि सम्पन्न गर्न चाहिने सूचनाहरू पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले सङ्कलन गर्नुपर्ने ।



- व्यक्तिगत सूचनाहरू गोप्य राख्नुपर्ने ।
- अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूले पनि सङ्कलित सूचनाहरूमा सहज पहुँच पाउनुपर्दछ ।




## ३२.पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्हरुबीच सहकार्य

महासन्धि सम्पन्न होस् भन्नका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले साझेदारका रूपमा तल लेखिएका कामहरू सँगै गर्ने छन् :



- सँगै काम गर्दा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समावेश गर्नुपर्दछ ।



- पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले आफ्ना अनुभव तथा तालिमका बारेमा जानकारी दिने, जसले गर्दा सबै व्यक्तिले राम्रोसँग काम गर्न सकून् ।



- महासन्धि सम्पन्न गर्नका लागि गर्ने कार्यहरूको सूची बनाउने




- महासन्धि सम्पन्न गर्नका लागि निर्माण गरिएको समूहमा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समावेश गर्ने ।



## ३४. अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका लागि समिति निर्माण

महासन्धि लागू भए/नभएको सुनिश्चित गर्नका लागि संयुक्त राष्ट्रसङ्घको मातहतमा रही विशेष समिति निर्माण गर्ने ।



## ३५. सहभागी पक्ष राष्ट्रहरुको प्रतिवेदन

- सबै पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रले महासन्धि कार्यान्वयनका लागि गरेका कामको प्रतिवेदन बनाई महासन्धिमा हस्ताक्षर गरेको २ वर्षभित्र संयुक्त राष्ट्रसंघीय सिआरपिडी समितिमा पेश गर्नुपर्नेछ ।




- त्यसपछि महासन्धिमा हस्ताक्षर गरेका पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले प्रत्येक ४ वर्षमा समितिसमक्ष प्रतिवेदन बुझाउने छन् र समितिले मागेका बेला अतिरिक्त प्रतिवेदन पनि बुझाउनुपर्नेछ ।



- प्रतिवेदनमा के-कस्ता सूचना समावेश गर्ने भन्ने कुराको निर्णय समितिले गर्ने छ ।



## ३६. प्रतिवेदनमा के हुन्छ


समितिले प्रतिवेदन हेरिसकेपछि देशहरूले के गर्ने भन्ने बारेमा सुझाव दिनेछ र थप सूचनाहरू पनि माग्न सक्नेछ ।




- प्रतिवेदन बुझाउन ढिलो भएमा समितिले चेतावनीसहित ३ महिलाको समय थप गर्नेछ तथा यही अवधिमा के भइरहेको छ भन्ने बारे हेर्न सक्नेछ ।



- सबै देशले सबै प्रतिवेदन हेर्न पाउने छन् ।



- सबै देशले आफ्नो प्रतिवेदन तथा समितिका सुझाब आफ्ना नागरिकले हेर्न पाउने सुनिश्चितता गर्नुपर्दछ ।



- समितिले प्रतिबेदन विभिन्न बिभाग र संस्थाहरूमा पठाई आवश्यक लिन सक्नेछ



## ३७.पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्हरु र समितिहरुबीच सहकार्य

सबै पक्ष राष्ट्रले समितिसँग मिलेर काम गर्नेछन् तथा समितिलाई चाहिएका सूचना उपलब्ध गराउने छन् ।



- महासन्धिको राम्रो कार्यान्वयनका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रसँग कसरी काम गर्ने भन्ने बारे समितिले बिचार गर्ने छ ।




## ३८. समितिको अन्य निकायसँगाको सम्बन्ध

महासन्धिको कार्यान्वयनका लागि सबै देश तथा संस्थाले मिलेर काम गर्नुपर्ने छ ।



- विभिन्न निकाय तथा संस्थालाई बोलाई समितिले सुझाव लिन सक्नेछ ।



- समितिले मानव अधिकारका क्षेत्रमा काम गर्ने अन्य संस्थालाई उनीहरूले गरेका काम महासन्धि अनुरूप कसरी पर्छन् भन्ने बारे प्रतिवेदन माग्न सक्नेछ ।




## ३९. समितिको प्रतिवेदन

समितिले पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूबाट सुझाव लिएर के गर्नुपर्दछ भन्ने कुरा समेटेर प्रत्येक २ वर्षमा महासभा तथा आर्थिक तथा सामाजिक परिषद्मा प्रतिवेदन बुझाउनुपर्ने छ ।




## ४०. पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरुको सम्मेलन

महासन्धि अन्तर्गतका कामका बारेमा विचार गर्नका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूको बैठकहरू प्रायः हुनेछ ।




पहिलो बैठक काम सुरु भएको ६ महिनाभित्र बस्नेछ । त्यसपछिको बैठक कहिले बस्ने भन्ने महासचिवले व्यवस्थापन गर्ने छन् ।



## ४१. सूचना तथा प्रतिवेदन अभिलेखको जिम्मेवारी

सम्पूर्ण सूचना तथा प्रतिवेदन तथा कामको अभिलेख संयुक्त राष्ट्रसङ्घका महासचिवले राख्ने छन् ।




## ४२. महासन्धिमा हस्ताक्षर

सबै देशले ३० मार्च २००७ बाटे मुख्य कार्यालय न्युयोर्कमा यस महासन्धिमा हस्ताक्षर गर्न सक्नेछन् ।



## ४३. महासन्धि र स्वीकृति


त्यसपछि यो सम्झौतामा हस्ताक्षर गरेका देशले यसलाई कहिलेबाट लागू गर्ने भन्ने बारे निर्णय गर्दछन् ।



## ४४. देशहरुको सङ्गठन समूह


केही देश युरोपियन युनियन जस्ता सङ्गठमा गाँसिएका छन् ।

त्यस्ता सङ्गठनहरूले महासन्धिमा संलग्न हुन तथा आफ्ना कुरा राख्न पाउनेछन् ।




## ४५ यो महासन्धि कहिलेबाट लागू हुनेछ ?

२० वटा राष्ट्र संलग्न भएको ३० दिनपछि यो महासन्धि लागू हुनेछ ।



## ४६. सम्झौताको पालना गर्ने

यस महासन्धिको महत्वपूर्ण भागमा कुनै आरक्षण राख्न पाइने छैन ।



## ४७. यस महासन्धिको संशोधन


सबै पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले यस महासन्धिमा संशोधन माग गर्न सक्नेछन् । यसका लागि उनीहरूले संयुक्त राष्ट्र सङ्घका महासचिवलाई पत्र लेख्नुपर्ने छ । महासचिवले अन्य राष्ट्रलाई पत्रका बारे जानकारी दिनेछन् ।

यदि कुनै नयाँ विषयमा छलफल र पारित गर्न बैठकको आवश्यकता परेमा पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) राष्ट्रहरूले निर्णय गर्न सक्नेछन् ।



## ४८. महासन्धिबाट अलग हुन चाहेमा

यस महासन्धिबाट अलग हुन चाहेमा संयुक्त राष्ट्र सङ्घका महासचिवलाई लिखित सूचना दिनुपर्दछ । लिखित सूचना दिएको १ वर्षपछि यस महासन्धिबाट अलग हुन सकिनेछ ।



## ४९. पहुँचयुक्त सूचना

यो महासन्धि सजिलैसँग पढ्न र बुझ्न सक्नेरूपमा उपलब्ध गराइने छ ।



## ५०. यो महासन्धि अन्य भाषामा

यो महासन्धि अरबी, चिनीया, अँग्रेजी, फ्रान्सेली, रूसी भाषामा प्रकाशित हुनेछ र ती सबै समान महत्वका हुनेछन् ।